# HISSAN CENTRAL EXAMINATION – 2080(2024)

कक्षा : १२ पूर्णाङ्क : ७५

समय : ३ घण्टा

विषय : अनिवार्य नेपाली (००२१ - D1)

**विद्यार्थीले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्ने छ ।**

१. **तलको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको अक्षर संरचना र अक्षर सङ्ख्या देखाउनुहोस् :** (३)
रेल यातायात स्थल यातायातको महत्त्वपूर्ण साधन हो । यात्रुहरू तथा मालसामानको ढुवानी गर्नमा रेलमार्गको प्रयोग गरिन्छ ।

२. **शुद्ध गरी पुनर्लेखन गर्नुहोस् :** (३)
एक दिन सतीश आएर भन्यो, "पवन भाइ ! मेरो कम्प्यूटरले साह्रै दुःख दियो लौ न गयेर बनाइदिनुपऱ्यो ।" पवनले सिडि र धुलो पुछ्ने ब्रश, पुछ पाछ पार्नलाई कपडा राखेर झोला बोक्यो ।

३. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (२)
(क) **दिइएका अंशबाट एउटा पारिभाषिक शब्द र एउटा अनुकरणात्मक शब्द पहिचान गरी वाक्यमा प्रयोग गर्नुहोस् :**
दुई वर्ष मन्त्रालयमा काम गरी आफ्नै गृह जिल्लामा सरुवा भएपछि कवीन्द्र खुसीले गदगद हुँदै रमाना लिएर घर आयो । दुई चार दिन परिवारसँग बस्न पाएकामा मक्ख पर्दै ऊ केही दिनपछि अफिसमा हाजिर भयो ।
(ख) **दिइएको अनुच्छेदबाट एउटा टुक्का र एउटा उखान पहिचान गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् :**
पैसा कमाउने लोभमा विदेश जान खोज्दा दलालले पैसा खाइदिएपछि नन्दुरामलाई सबैले चोक्टा खान गएकी बुढी झोलमा डुबेर मरी झैँ भयो भनेर टिप्पणी गरे । आफ्नो पेट काटेर जम्मा गरेको पैसा खर्च गरेर विदेश जाने सपना सहजैसँग पूरा गर्न कम्मर कस्दा उसलाई ठिक्क पऱ्यो मङ्गले आफ्नै ढङ्गले भन्दै आफन्तहरूले नै भन्न थाले ।

४. **तलको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको पदवर्ग पहिचान गर्नुहोस् :** (३)
त्यो सहर अब मेरा लागि सहज भएन । यहाँ न पढाइ पूरा गर्न सकियो न जागिर पाउन सकियो । आफू केही गर्न सक्ने अवस्थामा नरहेकाले अब गाउँतिर नै जानुपर्ला भन्ने मलाई लागिरहेको छ ।

५. **तलको अनुच्छेदबाट दुईओटा तद्भव शब्द र दुईओटा आगन्तुक शब्द पहिचान गरी लेख्नुहोस् :** (२)
अखबारमा छापिएका सबै समाचार सत्य नै हुन्छन् भन्न सकिन्नँ । कहिलेकाहीँ गलत समाचारका कारण राम्रो मानिस पनि जेल जान सक्छ । हुन त मानिस दोषी हुनुमा कसै न कसैको हात हुन सक्छ तर अदालतले सही तरिकाले फैसला गरेर न्याय मर्न दिने काम गर्नुहुँदैन ।

६. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (३)
(क) **तलको अनुच्छेदबाट तीनओटा उपसर्ग व्युत्पन्न शब्द र तीनओटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी तिनको निर्माणप्रक्रिया देखाउनुहोस् :**
सांस्कृतिक सम्पदाको संरक्षण गर्ने दायित्व प्रत्येक व्यक्ति, समाज, स्थानीय सङ्घसंस्था, गैरसरकारी सङ्घसंस्था, स्थानीय तथा राष्ट्रिय सरकार सबैको हो । अहिले संरक्षणका अभावमा देशभरका अधिकांश सम्पदा सङ्कटमा छन् ।
(ख) **तलको अनुच्छेदबाट तीनओटा समस्त शब्द र तीनओटा द्वित्व शब्द पहिचान गरी समस्त शब्दको विग्रह र द्वित्व शब्दको निर्माणप्रक्रिया देखाउनुहोस् :**
चाडपर्वका अवसरमा भिडभाड भए पनि मानिसहरू बजारमा मसलाससलाका साथै विभिन्न सरसामान किन्न व्यस्त हुन्छन् । हुन त ऐँचोपैँचोबाट भए पनि चाडमा मिठोमसिनो खाने चलन हाम्रो समाजमा धेरै पहिलेदेखि चल्दै आएको हो । पैदलमार्ग र सडकपेटीको भिडले कतिपय ठाउँमा लाइनमा उभिएर आलोपालो किन्नुपर्ने अवस्था पनि आउँछ ।

७. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (४)
(क) **ले, लाई, द्वारा, बाट, देखि, को, नो, मा विभक्ति लागेका भिन्नभिन्न कारकको प्रयोग भएका चार वाक्यमा आफूले प्रत्यक्ष देखेको कुनै घटनाका बारेमा वर्णन गर्नुहोस् ।**
(ख) **तलको अनुच्छेदका वाक्यलाई पुलिङ्ग भए स्त्रीलिङ्ग र स्त्रीलिङ्ग भए पुलिङ्गमा परिवर्तन गर्नुहोस् :**
ऊ पोखरामा जन्मेको हो । उसकी बहिनी काठमाडौँमा जन्मी । ऊ काठमाडौँको एउटा नाम चलेको विद्यालयमा पढ्दै छ । उसकी बहिनी भर्खर विद्यालयमा भर्ना हुन लागेकी छे ।

८. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (४)
(क) **सामान्य भविष्यत् कालीन क्रियापदको प्रयोग गरी चार वाक्यमा आफ्नो भावी योजनाका बारेमा वर्णन गर्नुहोस् ।**
(ख) **तलको अनुच्छेदका वाक्यलाई वाच्य परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् :**
यसपालि कक्षा बाह्रको वार्षिक परीक्षा दिइन्छ । परीक्षा सकिएपछि पनि त्यसै बसिँदैन । स्नातक तहको अध्ययनका लागि तयारी गरिन्छ । फुर्सदको समयमा ड्राइभिङ सिकिन्छ ।

९. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (४)
(क) **तलका वाक्यहरूलाई एउटै वाक्यमा संश्लेषण गर्नुहोस् :**
यी विद्यार्थीहरू विद्यालय जान्छन् । विद्यालय मूल सडकमै छ । विद्यालयको पढाइ राम्रो छ । विद्यालयको चारैतिरबाट तारिफ गरिएको छ ।
(ख) **तलका वाक्यलाई अप्रत्यक्ष कथनमा परिवर्तन गर्नुहोस् :**
सीमा, "नरेश ! आज कहाँ जाने योजना छ ?"
नरेश, "म आज नाटक हेर्न जान्छु ।"
सीमा, "तिमी कुन नाटक हेर्न जान्छौ ?"
नरेश, "अहिले नाचघरमा नेपाली नाटक मञ्चन हुँदै छ नि !"

१०. **दिइएको अनुच्छेदबाट अन्त्यमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् :** (५)
नेपालले हेलसिन्की ओलम्पिक (सन् १९५२) देखि ओलम्पिक खेलमा भाग लिएको बताइन्छ तर यसको पुष्टि हुन सकेको छैन । सन् १९६० को रोम ओलम्पिकमा नेपालले एक जना पर्यवेक्षक पठाएको भनिएको छ । नेपालको पहिलो औपचारिक ओलम्पिक खेलको सहभागिता भने सन् १९६४ को टोकियो ओलम्पिकबाट भएको देखिन्छ । सन् १९६३ मा नेपालमा पहिलोपल्ट ओलम्पिक ज्योति ल्याइएको थियो । सन् १९६४ को टोकियोमा भएको १८ औँ ओलम्पिक खेलकुदमा छ जना नेपाली खेलाडीले प्रतिस्पर्धा गरेका थिए । सन् १९६८ को मेक्सिको ओलम्पिकमा नेपालले सहभागिता

जनाएन । सन् १९७२ मा जर्मनीको म्युनिखमा सम्पन्न २० औँ ओलम्पिकमा नेपालबाट दुई जना धावकले भाग लिएका थिए । २१ औँ मोन्ट्रियल ओलम्पिकमा वैकुण्ठ मानन्धरले म्याराथुनमा सहभागिता जनाए । सन् १९८० को मास्को ओलम्पिकमा १२ जना नेपाली खेलाडीले भाग लिए । सन् १९८४ को लस एन्जलस ओलम्पिकमा एथलेटिक्स, बक्सिङ र भारोत्तोलनमा ११ नेपाली खेलाडीले भाग लिएका थिए । सन् १९८८ मा सोलमा भएको २४ औँ ओलम्पिक भने नेपालका लागि ऐतिहासिक भयो । ओलम्पिकमा पहिलो पटक प्रदर्शन खेलका रूपमा समावेश गरिएको तेक्वान्दो खेलबाट नेपालका विधान लामाले कांस्य पदक जितेर ओलम्पिक संसारलाई चकित तुल्याए । प्रदर्शन खेलका कारण सो पदक आधिकारिक पदक तालिकामा भने परेन । त्यसपछि सन् १९९२ को २५ औँ ओलम्पिकमा पाँच खेलाडी, सन् १९९६ को एटलान्टा ओलम्पिकमा छ खेलाडी, सन् २००० को सिड्नी ओलम्पिकमा पाँच खेलाडीले सहभागिता जनाए जसमा सुटिङकी भगवती खत्रीले वाइल्ड कार्ड प्राप्त गरिन् । सन् २००४ को २८ औँ एथेन्स ओलम्पिकमा भने नेपालले नयाँ इतिहास रच्यो । सो ओलम्पिकका लागि बैङ्ककमा सम्पन्न एसियाली छनोट चरणमा कांस्य पदक जितेर सङ्गिना वैद्यले पदकको ढोका खोलेकी थिइन् । २९ औँ बेइजिङ ओलम्पिक (सन् २००८) मा दीपक विष्टले सङ्गिना वैद्यको पाइला पछ्याए । उनी पनि छनोट चरण पार गरी बेइजिङ पुगेका थिए । भियतनाममा भएको एसियन ओलम्पिक्स छनोट चरणमा कांस्य पदक जित्दै उनले सो सफलता पाएका हुन् । बेइजिङमा तेक्वान्दो, एथलेटिक्स, पौडी, जुडो र सुटिङ खेल गरी आठ खेलाडीको प्रतिनिधित्व थियो । लन्डन ओलम्पिक (सन् २०१२) मा नेपालले वाइल्ड कार्ड पाएर सहभागिता जनाउन पाएको थियो । ब्राजिल ओलम्पिक (सन् २०१६) मा नेपालले पाँच खेलमा सहभागिता जनाएको थियो । सन् २०२० मा जापानमा हुने ओलम्पिक खेल कोरोना भाइरसका कारण रोकिएकाले २०२१ मा सम्पन्न भयो ।

**प्रश्नहरू**

(क) ओलम्पिक खेलमा नेपालको प्रवेश कहिले र कहाँबाट भएको हो ?

(ख) ओलम्पिकमा नेपालको सहभागिता कुन कुन खेलमा हुने गरेको छ ?

(ग) सन् १९८८ मा सोलमा भएको ओलम्पिक किन नेपालका लागि ऐतिहासिक रह्यो ?

(घ) ओलम्पिक खेलमा सङ्गिना वैद्य र दीपक विष्टले कस्तो सफलता हासिल गरेका थिए ?

(ङ) नेपालले बेइजिङमा कुन कुन खेलमा सहभागिता जनाएको थियो ?

**११. दिइएको अनुच्छेदबाट मुख्य मुख्य चारओटा बुँदा टिपोट गरी सारांश लेख्नुहोस् : (२+३=५)**

समूहमा रहेर परस्परमा सुखदुःखको साटफेर गर्दा नै मानिसलाई एक्लो भएको अनुभव हुँदैन । समूहमा रहँदा बस्दा नै ऊ आनन्दमय वातावरणमा आफ्ना कामलाई अघि बढाई सुखसमृद्धि हासिल गर्न सक्छ । वर्तमान मानव सभ्यताको विकास पनि व्यक्तिका बिचको पारस्परिक सहयोग र सहकार्यबाट नै सम्भव भएको हो । मानिस एक्लैले पूरा गर्न नसक्ने आवश्यकता सहकार्यबाट पूरा गरेका धेरै उदाहरण भेटिन्छन् । एकआपसमा सहयोग र सहकार्यको आवश्यकता महसुस भएपछि नै 'एकका लागि सबै र सबैका लागि एक' भन्ने भावनाका साथ सहकार्यका लागि स्थानीय स्तरमा अनौपचारिक सङ्गठन खडा गरिएको देखिन्छ । हिन्दु संस्कृतिका समूह, मण्डल, गण, गुरुकुल एवम् बुद्ध धर्मका सङ्घ, नेवारी समुदायमा प्रचलित गुठी, मङ्का खल, नेवा दबू, ग्रामीण समाजमा प्रचलित भारोपर्म, धर्मभकारी, ऐँचोपैँचो, सरसापट सहकारीका आदि रूप हुन् । यस किसिमका सहकारीले पारस्परिक सहयोग र सहकार्यका माध्यमबाट पाटीपौवा, धर्मशाला, बाटोघाटो, चउरचौतारा आदिको निर्माण, वृक्षरोपण जस्ता मानवहितका कार्य गरेर सामाजिक विकासमा उल्लेख्य योगदान पुऱ्याएका छन् । सामाजिक विकासमा यिनले गरेको योगदानको महत्त्व बुझेर नै नेपालका कतिपय समुदायले अहिले पनि गुठी, भारोपर्म, ऐँचोपैँचो, सरसापट, मेलापात आदि नामबाट सहकार्य गरिरहेका छन् । हाम्रा पुर्खाको यस किसिमको सहकार्यबाट अभिप्रेरित सामूहिक जीवनशैली नै नेपाली संस्कृतिको मुख्य आधार हो ।

**१२. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : (४)**

(क) भर्खरै निर्माण गरेको घरमा बिजुलीको नयाँ लाइन जडान गरिदिन अनुरोध गर्दै नेपाल विद्युत् प्राधिकरणलाई सम्बोधन गरेर लेखिने निवेदनको नमुना तयार गर्नुहोस् ।

(ख) मकालु ट्राभल्स एन्ड टुर्स प्रा.लि. ले रूपन्देहीको बुटवल स्थित आदर्श माध्यमिक विद्यालयका कक्षा १२ का विद्यार्थीहरूलाई शैक्षिक भ्रमण गराइदिएपछि रु. १,५००००/- भुक्तानी लिएबापत गरिदिएको भरपाईको नमुना तयार गर्नुहोस् ।

**१३. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : (५)**

(क) विद्यालयले आयोजना गरेको विज्ञान प्रदर्शनी कार्यक्रमको विवरण समेटेर १५० शब्दसम्मको प्रतिवेदन तयार पार्नुहोस् ।

(ख) 'महिलामाथि बढ्दो शारीरिक शोषण' शीर्षकमा १५० शब्दसम्मको टिप्पणी लेख्नुहोस् ।

**१४. कुनै एकको व्याख्या गर्नुहोस् : (४)**

(क) मर्नैपर्छ भने पनि पर पुगी मरौँ
नझुक्ने यो हिमालमा किन झुकी मरौँ
जति चढ्यो उति बाँकी हिमचुली शिखर
नदेखेको कुरा हेर्ने हामीलाई रहर ।

(ख) चाहेर पनि त सबै कहाँ पुग्छ र ? नचाहेर पनि के हुन्छ र ? हुन त मान्छेकै मन त हो चाहनाले बेरिहाल्छ ।

**१५. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : (४)**

**(क) दिइएको संवादांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

हेर घनश्याम, प्राकृतिक सौन्दर्यको मात्रै कुरा गर्ने हो भने पनि नेपालका हिमाल, जङ्गल र चरा मात्रै भनेर पुग्दैन । यहाँ असङ्ख्य पहाड, अन्नको भण्डार तराई, नदी, ताल, उपत्यका, सिमसार, जैविक विविधता आदि थुप्रै कुरा छन् । नेपाल आउने पर्यटक सबै हिमाल हेर्न र आरोहण गर्न आउने होइनन् नि ! पर्यटकका पनि विभिन्न किसिम छन् भन्ने तिमीलाई थाहै छ । त्यसमध्ये सांस्कृतिक पर्यटन पनि त एक हो । नेपाल जस्तो सानो ठाउँमा सयौँ जाति, सयौँ भाषा, सयौँ संस्कृतिको अध्ययन गर्न पाउनु सांस्कृतिक पर्यटकका लागि ठुलो अवसर हो नि । त्यसैले नेपालको विविधतासँग पर्यटकको सरोकार हुने भएन र ?

**प्रश्नहरू**

(अ) नेपालको प्राकृतिक सौन्दर्यभित्र के के कुरा पर्छन् ?

(आ) नेपालको सांस्कृतिक पर्यटनको कस्तो सम्भावना रहेको छ ?

**(ख) दिइएका नियात्रांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

जोगबनीदेखि धरानसम्मको अलकत्रे बाटालाई धिक्कार्दै र भादगाउँदेखि बाह्रबिसेसम्मको फराकिलो कालो बाटालाई सराप्तै हामी ठसठस कनिरह्यौँ । सिंहदरबार अगाडिको चिप्लो बाटो त्यहाँ थिएन, न त्यहाँ भैरहवाबाट बुटवल जाँदा जस्तो तेर्सो सोझो बाटो नै थियो । त्यहाँ त चुच्चे ढुङ्गाहरू पहरामा तेर्सिएका थिए काला रुखका छायामा कच्पल्टिएर । पसिनाले निथ्रुक्क भिजेर हामी छ जना अभागी आकाशतर्फ उचालिइरह्यौँ, उचालिइरह्यौँ ।

निल आर्मस्ट्रडहरूलाई त्यति फिटफिटी परेन होला किनभने चन्द्रमामा पुग्दा उनीहरूसित यथेष्ट वैज्ञानिक उपकरण उपलब्ध थिए । हामी भने पानीसमेत नपाएर रोयौँ । निकै माथि पुगेपछि दुइटा पानीका कुला भेटिँदा स्वर्ग पुगेको अनुभव भयो । मरुभूमिका यात्रीले एक्कासि मरुद्यान भेटे झैँ हामी फुलेल भयौँ ।

**प्रश्नहरू**

(अ) घनघस्याको उकालो चढ्दा अन्य विभिन्न ठाउँका सडकलाई सराप्नुपर्ने कारण के हो ?

(आ) निल आर्मस्ट्रडहरूलाई किन चन्द्रमामा पुग्न फिटफिटी परेन ?

**१६. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (४)

(क) 'गोर्खे' कथामा पेशल र सतपालमध्ये कसको मुख्य भूमिका रहेको छ ? प्रतिक्रिया लेख्नुहोस् ।

(ख) छिरिङको जीवन सङ्घर्षबाट लिन सकिने शिक्षा के हो ? आफ्नो विचार लेख्नुहोस् ।

**१७. कुनै एक प्रश्नको समीक्षात्मक उत्तर दिनुहोस् :** (८)

(क) 'आमाको सपना' कविताको मूल भाव के हो ? विवेचना गर्नुहोस् ।

(ख) हकिङले मानवीय चेतनालाई नयाँ उचाइमा पुऱ्याउन गरेका योगदानको समीक्षा गर्नुहोस् ।

**१८. कुनै एक शीर्षकमा कम्तीमा २५० शब्दसम्मको निबन्ध लेख्नुहोस् :** (८)

(क) हाम्रा पुर्खा : हाम्रा प्रेरणा

(ख) प्रविधिको विकासले हाम्रो जीवनशैलीमा ल्याएको परिवर्तन

(ग) नेपालको आर्थिक विकासमा बैङ्कको भूमिका

**** समाप्त ****